# परवानीपुर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## लिपनिमाल, बारा

वस्तूगत विवरण सहितको आवधिक गाउँपालिका स्तरिय योजना तर्जूमा, गरिबी नक्शांकन र श्रोत नक्शा निर्माण कार्यका लागि आशय–पत्र पेश गर्ने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७५/०१/०५

परवानीपुर गाउँपालिकाको आवधिक गाउँपालिका स्तरिय योजना तर्जूमाका लागि नेपालको संविधान, २०७२,स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बमोजिम यस कार्यालयको अगूवाइमा गाउँपालिका स्तरिय साझेदार तथा सरोकारवालाहरु समेतको सकृय सहभागिता र बिषय क्षेत्रका योग्य एवं अनूभवी परामर्शदाताको सहयोगमा सहभागितामूलक तरिकाबाट राष्ट्रिय योजना, बिषयगत योजनाको लक्ष्य, गाउँपालिका स्तरिय अवधारणा, बिषयगत गूरुयोजना समेतमा आधारित भई राष्ट्रिय योजना आयोग, बिषयगत मन्त्रालयहरु तथा विकास साझेदारहरुबाट प्राप्त नीति निर्देशन एवं सूझाव समेतलाइ द्रिष्टिगत गरी जलवायू परिवर्तन, वातावरण संरक्षण, विपद् ब्यबस्थापन, फोहोर मैला ब्यबस्थापन, बालबालिका पोषण, बाल मैत्री, वातावरण मैत्री, सामाजिक सद्भाव, लैंगिक समानता तथा सामाजिक समावेशिकरण र सूशासन जस्ता समसामयिक विषयगत क्षेत्रलाइ समेटी आगामी ४ वर्षको लागी यस गाउँपालिकाको वस्तूगत विवरण सहित आवधिक गाउँपालिका स्तरिय योजना तर्जूमा, गरिबी नक्शांकन र श्रोत नक्शा निर्माण गर्न लागिएकोले सम्बन्धित बिषयगत क्षेत्रमा अनूभव तथा पेशागत दक्षता भएका इच्छूक ब्यवसायिक फर्म/परामर्शदाता संस्थाबाट तोकिएको ढांचामा आशय–पत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. आशयपत्रको ढांचा यस कार्यालयबाट रु ५००( पाँच सय रुपैंया) को रसिद काटी प्राप्त गर्न सकिनेछ वा यस कार्यालयको वेवसाइट parwanipurmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ तर आशयपत्र बुझाउने समयमा उल्लेखित रकम बराबरको रसिद काट्नुपर्नेछ । थप जानकारीको ०५१-४१०१६३, ०५१-४१०१८८ मा सम्पर्क गरी बूझ्न सकिने छ ।

२. इच्छूक योग्यता पूगेका संस्थाले तोकिएको ढांचामा निम्नानूसारका कागजात सहित आशयपत्र पेश गर्नू पर्नेछ ।

२.१ आशय–पत्र पेश सम्बन्धि आवेदन

२.२ संस्थाको दर्ता, नविकरण, भ्याट/प्यानदर्ता, कर चूक्ता प्रमाणपत्र र लेखा परिक्षण प्रतिवेदन

२.३ संस्थाको प्रोफाइल (जनशक्ती, भौतिक सम्पती, उपकरण, कामको अनूभव सम्बन्धि विवरण)

२.४ संस्थाको विगत ३ वर्षको वित्तिय कारोवार सम्बन्धी विवरण

२.५ संस्थाको प्रमूख कर्मचारी तथा आवद्घ पेशागत विज्ञहरुको विस्तृत बैयक्तिक विवरण तथा कार्य अनूभव

३. इच्छूक आवेदक संस्थाले यो सूचना, आशय–पत्र र सो सम्बन्धि बिस्तृत अध्ययन गरी उल्लेखित विवरणहरु भरी आवश्यक कागजात संलग्न गरी शिलबन्दी सहित खामको बाहिर नाम

अप्सरा खत्री
प्रमुख प्रशासकीय अधिकृत

ठेगाना फोन नं. र विषय उल्लेख गरी यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले १० औ दिनको कार्यालय समयभित्र यस कार्यालयमा आशय–पत्र पेश गरी सक्नूपर्नेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको कार्यालय खूल्ने पहिलो दिनको कार्यालय समयभित्र पेश गरिसक्नु पर्नेछ।

४. म्याद नाघी आएको तथा रित नपूगेको आशय–पत्र स्विकार गरिने छैन ।

५. आवेदक संस्थाको आधिकारीक कागजात तथा प्रमाण, कार्य अनूभव र आर्थिक, भौतिक तथा मानविय संसाधनको अवस्थालाइ आधार मँनि मूल्यांकन गरिने र यस्तो मूल्यांकनको आधारमा ३ देखी ६ वटा आवेदक संस्थाहरुको संक्षिप्त सूची तयार गरी उक्त सुचीमा पर्न सफल आवेदक संस्थाहरुलाइ प्राविधिक तथा आर्थिक प्रस्तावको लागी आमन्त्रण गरिनेछ ।

६. आशय–पत्र एकल वा संयूक्त रुपमा पेश गर्न सकिनेछ । संयूक्त उपक्रमको रुपमा आशयपत्र पेश गर्न इच्छुक आवेदकले आशयपत्र पेश गर्दा मूख्य भइ काम गर्ने प्रमूख संस्था खूलेको विवरण तथा संयुक्त उपक्रममा कार्य गर्ने सम्बन्धि सम्झौताको प्रतिलिपि समेत पेश गर्नू पर्नेछ।

७. यस आशय–पत्र आब्हान सम्बन्धि सुचनामा उल्लेख गर्न छूट भएका कूराहरु सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ तथा स्थानीय तह आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हूनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अप्सरा खत्री
प्रमुख प्रशासकीय अधिकृत